नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

फोन नं. ५३६२२७३
Web Site: www.fwd.gov.np
Email Address: fwdnip2035@gmail.com

प.सं. २०७८/०७९ च.नं.

टेकु, काठमाडौं, नेपाल ।

मितिः २०७९/०७/२३

**विषयः एफ.आई.पि.भि.(fIPV) खोपको नियमित खोप तालिका परिवर्तन सम्बन्धमा।**

**श्री प्रदेश स्वास्थ्य निर्देशनालयः ७ वटै ।**
**श्री स्वास्थ्य कार्यालयः ७७ वटै ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत नियमित खोप तालिकामा एफ.आई.पि.भि.(fIPV) खोप प्रत्येक बालबालिकाहरूलाई ६ र १४ हप्तामा गरी २ मात्रा र उक्त उमेर दिन छुट भएमा ५ वर्ष भित्रमा ८ हप्ताको फरकमा २ मात्रा दिदै आएकोमा हाल खोपको प्रभावकारिता को लागि **विश्व स्वास्थ्य संगठणको नयाँ सुझाव, राष्ट्रिय खोप सल्लाहकार समितिको मिति २०७९/०५/३० (सेप्टेम्बर १५, २०२२) को सिफारिस** तथा **नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मन्त्रीस्तरीय मिति २०७९/०७/१७ गतेको निर्णयानुसार** अब तपसिलको तालिका अनुसार **एफ.आई.पि.भि.(fIPV) नियमित खोपमा प्रत्येक बालबालिकाहरूलाई १४ हप्ता र ९ महिनामा गरी २ मात्रा दिनुपर्ने र उक्त उमेरमा खोप दिन छुट भएमा ५ वर्ष भित्रमा ४ महिना (१६ हप्ता)को फरकमा २ मात्रा दिनु पर्ने** भएकोले सो **परिवर्तित तालिका अनुसार गर्न गराउन हुन निर्देशानुसार** अनुरोध छ ।

तपसिल

| **एफ.आई.पि.भि.(fIPV) खोप** | **पहिलाको खोप तालिका** | **परिवर्तित खोप तालिका** |
|---|---|---|
| १ वर्ष भित्रका बालबालिकाकाहरूका लागि | ६ र १४ हप्तामा गरी २ मात्रा | **१४ हप्ता र ९ महिनामा गरी २ मात्रा** |
| छुट भएमा ५ वर्ष भित्रका सम्पूर्ण बालबालिकाहरूका लागि | ८ हप्ताको फरकमा २ मात्रा | **४ महिना (१६ हप्ता)को फरकमा २ मात्रा** |

(संजय कुमार महासेठ)
जनस्वास्थ्य अधिकृत

बोधार्थ
श्री स्वास्थ्य/स्वास्थ्य तथा जनसंख्या/सामाजिक विकास मन्त्रालयः ७ वटै प्रदेश ।
श्री व्यवस्थापन महाशाखा, आपूर्ति व्यवस्थापन शाखा, स्वास्थ्य सेवा विभाग टेकु ।
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रः ७ वटै ।

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौं ।
श्रीमान महानिर्देशकज्यू, स्वास्थ्य सेवा विभाग टेकु ।

CamScanner